स्वर्गद्वारी नगरपालिकाको आ.व.२०७९/०८० को बजेट वक्तव्य

स्वर्गद्वारी नगरपालिका लुम्बिनी प्रदेश, प्यूठान नेपाल

२०७३

स्वर्गद्धारी नगरपालिकाको नगरसभाको ११औं अधिवेशन

२०७९ आषाढ १० गते

नगर उप-प्रमुख श्री मिनराज राना मगरज्यूवाट प्रस्तुत गर्नु भएको

आ.वा.२०७९/०८० को वजेट वक्तव्य

स्वर्गद्धारी नगरपालिका लुम्बिनी
प्रदेश मुकाम:बुटवल, भिंगृ प्यूठान
नेपाल
२०७३

## आ.व. २०७९/०८० को स्वर्गद्धारी नगरपालिकाको वजेट वक्तव्य

१. गरिमामय यस नगरसभाको ११औं अधिवेशनका अध्यक्ष ज्यू, हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नु भएका प्रमुख अथिति जिल्ला समन्वयन समितिका उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, अथितिहरु जिल्ला समन्वय समितिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, विभिन्न कार्यालय, संघ संस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरु, पत्रकारज्यूहरु, सुरक्षा कमीज्यूहरु, सम्पूर्ण कर्मचारी मित्रहरु एबं अन्य उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

२. नेपालको संविधानले संस्थागत गरेको संघीय शासन प्रणाली अन्तरगत गठन भएको स्थानीय तहका जनताको अमुल्य मतको आधारमा स्थापना भएको यस स्वर्गद्धारी नगरपालिकाको यस गरिमामय नगरसभाको ११औं अधिवेशनमा म बजेट तथा कार्यक्रम तर्जुम समितिको संयोजकको हैसियतले आ.व. २०७९/०८० को वजेट प्रस्तुत गर्न पाउदा म गौरवान्बित भएको छु ।

३. लोकतन्त्र, गणतन्त्र, राजनैतिक स्वतन्त्रता एवं लोकतान्त्रिक मूल्य र मान्यता र आमुल परिवर्तनका निम्ती नेपाली जनताले पटक पटक गर्दै आएको जनआन्दोलन, जनसंघर्ष, जनयुद्धको त्याग र वलिदानले गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै सवै प्रकारका संघर्षमा देश र जनताका निम्ती जीवन समपर्ण गर्ने अमर शहिदहरु प्रति उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै नेपाली समाजलाई अग्रगामी परिवर्तनको मार्गमा डोऱ्याउन विभिन्न क्षेत्रवाट योगदान पुराउनु हुने आदरणीय अग्रजहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

४. संघीय शासन प्रणाली अन्तरगत गठन भएको स्थानीय तहको निर्वाचन पश्चात प्रथम चरणको ५ वर्षे अवधि समापन भएको छ । प्रथम चरणको ५ वर्षे अवधिमा सफलता पूर्वक आफ्नो जिम्मेवारी पुरा गर्नु भएका निवर्तमान जनप्रतिनिधीज्यूहरु प्रति आर्दिक आभार प्रकट गर्दछु । सार्वभौम जनताका निर्वाचित जनप्रतिनिधी मार्फत जनताका विभिन्न इच्छा, आंकाक्षामा वृद्धि भएका छन्, सामाजिक न्याय सहितको समावेशी आर्थिक विकासको माध्यमवाट समृद्धि हासिल गर्न तिव्र अभिलाषा हुनुले हामीलाई जनप्रतिनिधी भएकोमा थप जिम्मेवारी वोध गराएको र जनताको काममा रातदिन खट्न अभिप्रेरित गरेको महशुस गरेका छौं ।

५. जनताको इच्छा आंकाक्षा सबै समस्याहरु एकै पटक र छोटो समयमा सम्वोधन भइदियोस भन्ने हुन्छ तर समय, श्रोत र साधन तथा क्षमताको हिसावले एकै पटक ती सवै समस्याहरु सम्वोधन गर्न सम्भव छैन त्यसमा पनि स्थानीय सरकार गठन भई मुलकले राजनीतिक स्थायित्व पाएको लामो समय भएको छैन, स्थानीय सरकारको स्रोत साधनको सुनिश्चीतता भइ नसकेको अवस्था छ राजस्व बाँडफाँड बाट आउनुपर्ने रकम समयमै आईपुगेको छैन । साथै समय समयमा आउने कोरोना भाईरस (कोभिड-१९) जस्ता विश्वव्यापी महामारी रोगहरुले विविध क्षेत्रहरुमा प्रत्यक्ष प्रभाव पार्दै आएका छन । यस्तो अवस्थामा अधिकतम जनतालाइ लाभ वा फाइदा दिने कार्यक्रम वा योजनालाई छनौट गर्ने वाध्यात्मक अवस्था स्थानीय तहमा रहेको छ । त्यही वाध्यात्मक परिस्थितिका वीचमा रहेर हामी यस नगरसभाको ११औं अधिवेसनमा यथासम्भव समावेशी, दुरगामी, रोजगारमुलक र सन्तुलित वजेट तर्जुमा गर्ने प्रयास गरेका छौ ।

आदरणीय ११ औं नगरसभा अधिवेशनका अध्यक्ष र सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,

१. सर्वप्रथम म यस नगरपालिकाको आन्तरिक आयको प्रमुख श्रोतको रुपमा रहेको व्यवसाय रजिष्ट्रेसन, सिफारिश, नदिजन्य पदार्थको ठेक्का, घर नक्सा सिफारिश सहितको आ.व. २०७९/०८० को लागि कुल १ करोड ८० लाख प्रक्षेपित आन्तरिक आय अनुमान रहेको विवरण अनुसुचि-१ देखि अनुसूचि-१३ सम्ममा संलग्न गरेको छु ।

२. वित्तीय समानीकरण अनुदान तर्फ संघीय सरकारबाट रु ११ करोड ५७ लाख र सशर्तबाट रु २६ करोड २९ लाख प्राप्त भएको छ । जसमध्ये चालु तर्फ रु २४ करोड २३ लाख र पुँजीगत तर्फ रु २ करोड ६० लाख) प्राप्त भएको छ ।

३. संघिय सरकार राजश्व बाँडफाडबाट रु. ११ करोड ५७ लाख ५१ हजार प्राप्त भएको छ ।

४. लुम्बिनी प्रदेश सरकार राजश्व बाँडफाडबाट रु.१ करोड ४४ लाख ६७ हजार र सशर्त तर्फ १ करोड १० लाख प्राप्त भएको छ ।

५. लुम्बिनी प्रदेश सरकारबाट समपुरकमा रु. २ करोड प्राप्त भएको छ ।

६. समपुरक अनुदान तर्फ संघीय सरकारबाट रु. १ करोड प्राप्त भएको छ ।

७. वित्तीय समानीकरण अनुदान तर्फ लुम्बिनी प्रदेश सरकारबाट रु ६३ लाख २२ हजार प्राप्त भएको छ ।

८. विषेश अनुदान तर्फ लुम्बिनी प्रदेश सरकारबाट रु ७० लाख प्राप्त भएको छ ।

९. यस स्वर्गद्वारी नगरपालिकाको चालु आ.ब.को वर्षको बैंक मौज्दातबाट रु २ करोड प्राप्त भएको छ ।

१०.चालु आ.ब.को वर्षको बैंक मौज्दातबाट प्राप्त हुने रु २ करोड समेत गरी यस स्वर्गद्वारी नगरपालिकाको आ.ब. २०७९/०८० को बजेट कुल रु.७० करोड ११ लाख ४० हजार हुनेछ । यसको विस्तृत विवरण अनुसुचि-१४ मा संलग्न गरेको छु ।

आदरणीय ११औं नगरसभा अधिवेसनका अध्यक्ष र सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,

स्वर्गद्वारी नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० का लागि नगरपालिकाको कुल बजेट रु ७० करोड ११ लाख ४० हजार बाट रु. ३२ करोड ८ लाख ४० हजार पूँजीगत खर्चमा विनियोजन गरेको छु। यसले कुल बजेटको ४५.७६ प्रतिशत हिस्सा ओगटेको छ ।

त्यसरी नै संघिय सर्सत अनुदान, प्रदेश सर्सत अनुदान, सामाजिक सुरक्षा भत्ता, प्रशासनिक खर्च जस्ता चालू खर्चतर्फ रु. ३८ करोड ८ लाख ४० हजार विनियोजन गरेको छु । यो कुल बजेटको ५४.२४ प्रतिशत हो । पुँजीगत र चालु खर्चको विस्तृत विवरण यसै साथ सँलग्न गरिएको छ ।

आगामी आर्थिक वर्ष २०७९/०८० मा संचालन हुने आयोजना तथा कार्यक्रमहरुका लागि देहाय बमोजिमको बजेटको व्यवस्था गरेको छु ।

१. स्वर्गद्वारी नगरपालिकाको नगरकार्यपालिकाको आफ्नै भवन पूर्ण रुपमा निर्माण तथा व्यवस्थापन कार्य सम्पन्न गर्नका लागि रु. ६० लाख विनियोजन गरेको छु । आगामी वर्षको समयावधिमा सम्पन्न हुने सो नयाँ भवनबाटै सेवा प्रबाह हुने व्यवस्था मिलाएको छु ।

२. यस स्वर्गद्वारी नगरपालिका र प्रदेश सरकारको साझेदारी बजेटवाट सञ्चालन हुने खरको छानो विस्थापन कार्यक्रमको लागि १ करोड ५० लाख रुपैया बजेटको व्यवस्थापन गरेको छु । यस कार्यक्रमको लागि लुम्बिनी प्रदेश सरकारबाट रु १ करोड ५० लाख प्राप्त हुन आएको छ । प्रदेश सरकार र यस नगरपालिकाको साझेदारी रकम कुल रु ३ करोड रुपैया बराबरको रकमवाट आ.ब.२०७९/८० मा कार्यक्रम सञ्चालन हुने छ । जसवाट यस आर्थिक वर्ष भित्रमा पूर्ण रुपमा खरको छानो विस्थापन नगर गर्न सकिने अपेक्षा लिएको छु ।

३. यस स्वर्गद्वारी नगरपालिका वडा नं. ४ जिमुरपातामा स्थित सूचना प्रविधियूक्त पार्क निर्माणका लागि ५० लाख विनियोजन गरेको छु। यस कार्यक्रमको लागि लुम्बिनी प्रदेश सरकारबाट रु ५० लाख प्राप्त हुन आएको छ। प्रदेश सरकार र यस नगरपालिकाको साझेदारी रकम कुल रु १ करोड रुपैया बराबरको रकमवाट यस आर्थिक वर्षमा कार्यक्रम सञ्चालन हुने छ ।

४. यस स्वर्गद्वारी नगरपालिका वडा नं. ३ स्थित धर्मशाला, अमर मा.वि. देखि मालुङ जोड्ने मोटर बाटो स्तरउन्नतिका लागि रु १ करोड विनियोजन गरेको छु। जस मोटरवाटो स्तरउन्नतीका लागि संघीय सरकार समपुरक अनुदानवाट रु १ करोड प्राप्त भएको छ । संघीय सरकार र यस नगरपालिकाको साझेदारी रकम कुल रु २ करोड रुपैया बराबरको रकमवाट आ.ब.२०७९/८० मा कार्यक्रम सञ्चालन हुने छ । जसवाट आ.ब.२०७९/८० भित्रमा उक्त मोटरवाटोको काम पूर्ण रुपमा सम्पन्न गर्न सकिने अपेक्षा लिएको छु ।

५. साथै अन्य कार्यक्रमहरुमा आवश्यकताको आधारमा साझेदारी गरि योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि ६५ लाख रुपैया विनियोजन गरेको छु । जसवाट विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु र यस नगरपालिका कार्यालयको साझेदारी रकमवाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरु सञ्चालन गरिने छ ।

६. स्वर्गद्वारी नगरपालिकाका कृर्षकहरुलाई कृषिमा प्रोतसाहित तथा अभिप्रेणित गराउन नेपाल बैंक र यस नगरपालिकको सहकार्यमा सञ्चालन हुने गरि कृर्षकहरुलाई न्यून व्याजदरमा कर्जा उपलब्ध गराउन सहुलियत कर्जा शिर्षकमा ५० लाख विनियोजन गरेको छु ।

७. स्वर्गद्वारी नगरपालिका भित्रका प्रमुख प्राथमिकतामा परेका सडक तथा अधुरा क्रमागत सडक र कच्ची सडकको स्तरोउन्नती गर्न अधुरा सडकहरुको पूर्णता र कच्ची सडकहरुको स्तरोउन्नती शिर्षकमा रु १ करोड ६० लाख बजेट विनियोजन गरेको छु ।

८. कृषिमा आधारित रोजगार वृद्धिका लागि, कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गरी, कृषिलाई आधुनिकीकरण तथा व्यवसायिकरण गर्ने कुरा प्राथमिकतामा राखी शर्शत बाहेक कुल रु ३५ लाख बजेट विनियोजन गरेको छु । सो विनियोजित बजेटवाट वास्तविक कृषि पेशामा लागेका नागरिकहरुलाई सेवा प्रदान गर्न सकिने अपेक्षा लिएको छु ।

९. पशु पालनमा आधारित कृर्षकहरुलाई पशु पालन पेशालाई सम्पानित पेशाको रुपमा विकास गरि पशु पालनलाई आधुनिकीकरण तथा व्यवसायिकरण गर्ने कुरा प्राथमिकतामा राखी शर्शत वाहेक कुल रु ३५ लाख बजेट विनियोजन गरेको छु। सो विनियोजित बजेटवाट वास्तविक पशुपालन पेशामा लागेका नागरिकहरुलाई सेवा प्रदान गर्न सकिन अपेक्षा लिएको छु।

१०. स्वर्गद्वारी नगरपालिकाका नागरिकहरुलाई उद्यम क्षेत्रमा अभिप्रेणित गर्न गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम र यस नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न शर्शत बाहेक रु १२ लाख ४० हजार विनियोजन गरेको छु।

११. स्वर्गद्वारी नगरपालिकाको जनस्वास्थ्य प्रवर्दन, रोकथाम, उपचार तथा जनसक्ती परिचालन लगाएतका स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य तथा आर्युवेद सेवा तर्फ शर्शत वाहेक रु १ करोड ४० लाख विनियोजन गरेको छु। जसवाट स्वर्गद्वारी नगरपालिकाका नागरिकहरुलाई पऱ्याप्त स्वास्थ्य तथा आर्युवेद सेवा प्रदान गर्न सकिन अपेक्षा लिएको छु।

१२. स्वर्गद्वारी नगरपालिकाको शिक्षा क्षेत्रलाई आधुनिकीकरण तथा बैज्ञानिक प्रक्रियावाट स्वर्गद्वारी नगरपालिकाको वालवालिकाहरुलाई शिक्षा प्रदान गर्न र जनसक्ती परिचालन लगाएत शिक्षा क्षेत्रको सेवा प्रदान गर्न शर्शत वाहेक रु ३ करोड विनियोजन गरेको छु। जसवाट स्वर्गद्वारी नगरपालिकाका वालवालिकाहरुलाई पऱ्याप्त शिक्षा सेवा प्रदान गर्न सकिन अपेक्षा लिएको छु।

१३. स्वर्गद्वारी नगरपालिकाका महिला, वालवालिका, जेष्ठ नागरिक, दलित, जनजाति, विपन्न र लोपउन्मुख जाती तथा सहकारी संस्थाहरुलाई लाभाम्बित तथा व्यवस्थित गर्ने कुरा गर्ने कुरा प्राथमिकतामा राखी रु ५० लाख विनियोजन गरेको छु।

१४. प्राकृतिक विपत्तीहरुबाट हुने क्षति न्यूनीकरण गर्न नगरपालिकाको आवश्यक क्षेत्रमा तटवनध गर्न तथा बाँध निर्माण, भुकम्प, आगलागी, बाढी पहिरो जस्ता अपर्झट आइपर्ने विपद जोखीम न्यूनीकरण र व्यवस्थापनका लागि रु ५० लाख वन, वातावरण तथा विपद् व्यवस्थापन कोषमा रकम विनियोजन गरेको छु।

१५. स्वर्गद्वारी नगरपालिकाको पर्यटन प्रवर्दन गर्न संघ र प्रदेशवाट प्राप्त हुने शशर्त रकम वाहेक रु ९ लाख विनियोजन गरेको छु।

१६. स्वर्गद्वारी नगरपालिका अन्तगर्त रहेका सबै कर्मचारीहरुको संघीय सरकार तथा लुम्बिनी प्रदेशले घोषणा बमोजिम मासिक खाईपाई आएको तलबमा १५ प्रतिशत बृद्धि गरि उपलब्ध गर्न आवश्यक वजेट विनियोजन गरेको छु। साथै कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधारमा प्रोत्साहन गरिने व्यवस्था मिलाईने छ।

१७. स्वर्गद्वारी नगरपालिकाका नागरिकहरुलाई विभिन्न किसिमका विपद, महामारी, प्रकोप इत्यादि पर्दा आवश्यक आर्थिक सहयोग गर्न सकियोस भन्ने उदेश्यले आर्थिक सहयोग शिर्षकमा रु १० लाख विनियोजन गरेको छु।

१८. स्वर्गद्वारी नगरपालिकाको न्यायिक समितिलाई थप व्यवस्थित र प्रभावकारी गर्नका लागि रु १० लाख विनियोजन गरेको छु।

१९. स्वर्गद्वारी नगरपालिकाका यूवाहरुलाई विविध प्रकारका खेलकुद क्षेत्रमा अभिप्रेणित गर्न विभिन्न खेलकुद कार्यक्रमहरु सञ्चालन तथा आयोजना गर्नका लागि यूवा तथा खेलकुद कार्यक्रम शिर्षकमा रु १० लाख विनियोजन गरेको छु।

२०. स्वर्गद्वारी नगरपालिकाका जनताहरुको वास्तवीक वस्तु स्थितिको स्थलगत अध्ययन गरि अत्यावश्यक स्थानहरुमा रकम उपलब्ध गर्ने उदेश्यले जनतासंग मेयर कार्यक्रम शिर्षकमा रु ५० लाख विनियोजन गरेकोछु। जसवाट स्वर्गद्वारी नगरपालिकाका जनताहरुलाई प्रत्येक्ष लाभ दिन सकिन अपेक्षा लिएको छु।

२१. नेपाली जनताले पटक पटक गर्दै आएको जनआन्दोलन, जनसंघर्ष, जनयुद्ध तथा विविध प्रकारका जनसंघर्सात्मक कार्यक्रममा आफ्नो घर, परिवार, घरपरिवारका सदस्यहरु तथा आफन्तजन गुमाइ देश र जनताका लागि महत्वपूर्ण त्याग गर्नु भएका यस स्वर्गद्वारी नगरपालिकाका महान शहिद घरपरिवारहरुलाई सम्मान गर्नका लागि शहिद परिवार सम्मान कार्यक्रम शिर्षकमा रु ५ लाख विनियोजन गरेको छु।

२२. स्वर्गद्वारी नगरपालिकाको समग्र विकास स्वर्गद्वारी नगरपालिकाले परिकल्पना गरे अनुरुप निश्चित समय अवधि भित्र सफलता पुर्वक पुरा गर्न आवधिक योजना निर्माण गर्नका लाीग आवधिक योजना निमार्ण शिर्षकमा रु १५ लाख विनियोजन गरेको छु।

२३. स्वर्गद्वारी नगरपालिकाका गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्यमा सुधार गरि नबशिशु तथा मातृ मृत्यूदर कम गर्न तोकिएको समयमै (प्रोटोकल अनुसार) गर्भवती जाँच तथा स्वास्थ्य सस्था मै सुत्केरी गराउने र नर्सिङ्ग स्वास्थ्यकर्मीहरु घर मै गई नब शिशु तथा सुत्केरी आमाको स्वास्थ्य परिक्षण गरि घरमा हुने सुत्केरीलाई सुन्यमा झार्न विगत वर्ष देखि निरन्तर चलिरहेको उपमेयर कोशेली सेवा कार्यक्रम शिर्षकमा रु २५ लाख विनियोजन गरेको छु। उल्लेखित बजेटवाट आर्थिक रुपले अति विपन्न स्वर्गद्वारी नगरपालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई निःशुल्क एम्वुलेन्स सेवा प्रदान गर्ने कार्यक्रम समेत थप गरेको छु।

२४. स्वर्गद्वारी नगरपालिकामा लामो समय अवधि सम्म कामकाज गरि नेपाल सरकारले तोके अनुरुप उमेरका हद पुरा गरि तथा अन्य कारणले आफ्नो कार्य अवदि पुरा गरि स-सम्मान साथ विदाई हुनुहुने कर्मचारीहरुलाई केहि प्रोत्साहन स्वरुप आर्थिक सहयोग गर्ने उदेश्यले स्थापना भएको कर्मचारी कल्याण कोष का लागि रु ५ लाख विनियोजन गरेको छु।

२५.नगरपालिकाको कार्यालय, विषयगत शाखा र कार्यालयहरु तथा वडा कार्यालयको कार्यालय सञ्चालन र व्यवस्थापनका लागि आवश्यक चालु खर्च तर्फ रु ११ करोड विनियोजन गरेकोछु।

२६. स्वर्गद्वारी नगरपालिकाका वडा कार्यालयहरु अन्तरगत वस्तीस्तरका जनताहरुलाई प्रत्येक्ष लाभ हुने खालका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने उदेश्यले ९ वटै वडाहरुलाई समग्ररुपमा रु ३ करोड ६० लाख विनियोजन गरेको छु। जस रकमवाट सम्बिन्धित वडा कार्यालयहरुले वडा कार्यालयमा प्राप्त हुन आएका वस्तीस्तरका अत्यावश्यक योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न प्रयोग गर्नुहुनेछ भन्ने कुराको अपेक्षा लिएको छु।

२७. स्वर्गद्वारी नगरपालिकालाई स्वच्छ , सफा, सुन्दर र हराभरा नगर बनाउनका लागि फोहोर मैला व्यवस्थापन शिर्षकमा रु ५ लाख विनियोजन गरेको छु।

२८. स्वर्गद्वारी नगरपालिकाको नगरस्तरीय आवश्यता अनुसार खानेपानी तथा सिचाई कार्यक्रमहरु सञ्चालन गर्न खानेपानी तथा सिंचाई शिर्षकमा रु ३६ लाख बजेट विनियोजन गरेको छु।

२९. स्वर्गद्वारी नगरपालिकाको क्षेत्र भित्र पर्ने नदिमा उत्पादन हुने नदि जन्य पदार्थहरु (ढुङ्गा, गिट्टी, वालुवा) को प्रारारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्न रु ५ लाख विनियोजन गरेको छु।

३०.संघिय सरकार र प्रदेश सरकारवाट शर्शत, समपुरक र विषेश अनुदान तथा सामाजिक सुरक्षा भत्ताको रुपमा प्राप्त बजेट तथा कार्यक्रमहरु जुन जुन शिर्षकमा प्राप्त भएको हो सोहि शिर्षकमा मात्र खर्च गरिनेछ। यसको लागि रु ४१ करोड ९ लाख रुपैया प्राप्त हुन आएको छ। जुन स्वर्गद्वारी नगरपालिकाको आ.ब.२०७९/०८० को कुल बजेटको ५८.६० प्रतिशत हुन आउछ।

उल्लेखित योजना तथा कार्यक्रमहरुको विवरण र बजेट सिमा अनुसूची-१५ मा उल्लेख गरिएको छ।

श्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धीहरु हासिल गर्न र नगरबासीहरुलाई सेवा सुविधा उपलब्ध गराउन सकिने भएकाले लक्ष्य अनुसारको राजस्व संकलन हुन आवश्यक छ। अतः म यसै बजेट वक्तव्य मार्फत स्वर्गद्वारी नगरपालिकाका समस्त करदाताहरुमा समयमै तोकिएको कर रकम तिरी विकास तथा सेवा सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु।

नगरबासीहरुका विकासका अनगिन्ती चाहनाहरु बीच सीमित श्रोत साधनबाट बजेट तयार गर्दा सबै चाहाना र आवश्यकताहरु एकैचोटी सम्वोधन गर्न सकिने अवस्था रहदैन। प्राथमिकता र आवश्यकताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश्चतालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरेको छु। आवश्यकता र चाहनाहरु क्रमिकरुपमा निरन्तर पुरा हुँदै जाने विषय हुन। अतः यस कुरालाई सकारात्मक रुपमा लिनुहुन र विकासको कार्यमा सहकार्य तथा साझेदारी गर्न म सबै नगरवासीमा हार्दिक अनुरोध गदर्छु। बजेट तर्जुमा संगसंगै यसको सफल कार्यान्वयन अर्को महङ्ववपुर्ण पाटो हो। योजना तथा कार्यक्रमहरु समयमै प्रभावकारी रुपमा संचालनमा आउन सकेमा मात्र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल हुने भएकोले यस बजेटको समयमा नै प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबैमा म हार्दिक अनुरोध गर्दछु। बजेट आफैँमा तथ्यमा आधारित अनुमान हो। यसको लक्ष्य प्राप्तिका लागि हाम्रो एक्लो प्र्यास मात्र सम्भव छैन। तसर्थ राजनैतिक दल, सम्पूर्ण संघसंस्था तथा नगरवासीहरुको सामुहिक प्रयासबाट मात्र यो सम्भव छ। समग्र नगरको विकासबाट समृद्धि प्राप्तिको लक्ष्यलाई

ठोस रुपमा अगाडी वढाउँदै तर्जुमा भएका योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न सबै पक्षबाट यथोचित सहयोग हुनेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु । प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण कार्यपालिका सदस्यज्यहरु, नगरस्थित क्रियाशिल राजनीतिक दलहरु, आम सञ्चार जगत, नागरिक समाज, नगरबासी दाजुभाइ तथा दिदी वहिनीहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत समग्र कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । स्वर्गद्वारीको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, लुम्बिनी प्रदेश, निजी क्षेत्र, दातृ निकाय, सहयोगी संघ संस्था तथा निकायहरु प्रति म स्वर्गद्वारी नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तररुपमा सहयोग प्राप्त हुनेछ भन्ने विश्वास गर्दछु ।

धन्यवाद ।

# स्वर्गद्धारी नगरपालिकाको आर्थिक ऐन २०७९

स्वर्गद्धारी नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना : स्वर्गद्धारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ बमोजिम स्वर्गद्धारी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७ साल श्रावण १ गत देखि स्वर्गद्धारी नगरपालिकाको क्षेत्रभित्र लागू हुनेछ ।

२. सम्पति कर : नगरपालिकाको क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पति कर/घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. भूमिकर (मालपोत): नगरपालिकाको क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिने छ ।

४.माथि दफा २ र ३ वमोजिमका सम्पत्तिकर र मालपोत (भूमिकर ) नगरपलिकाले एकै पटक असुल उपर गर्ने छ ।

५. घर जग्गा बहाल कर : नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा छप्पर,जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिने छ ।

६.व्यसाय कर : नगरपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ ।

७.जडिबुटी, कवाडी र जिवजन्तु कर : नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन , खोटो , जडिबुटी ,वनकस ( खर ) कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड , सिङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको बस्तुको व्यावसायिक उपयोग गरेबापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असुल उपर गरिने छ ।

८.विज्ञापन कर : नगरपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचिमा (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. मनोरञ्जन कर : नगरपालिकाको क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्क : नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिने छ ।

११. पार्किङ्ग शुल्क : नगरपालिका क्षेत्रभित्र हुने कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिने छ ।

१२.ट्रेकिङ्ग , कायोकिड , क्यानोनिङ , बन्जीजम्पिङ्ग, जिपफ्लायर, र्‍याप्टीङ्ग र प्याराग्लाइडिङ शुल्क : नगरपालिकाको आफ्नो क्षेत्रभित्र संचालनमा रहेको केवलकार, ट्रेकिङ्ग, कायाकिङ, क्यानोनिङ्ग, बन्जीजम्प, जिपफ्लायर, र्‍याफ्टीङ्ग र प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन,मनोरञ्जन तथा साहसिक खेलकुद सम्वन्धि सेवा वा व्यवसायमा अनुसूचि (१०) बमोजिम शुल्क लगाइने र असुल उपर गरिने छ ।

१३. सेवा शुल्क, दस्तुर : नगरपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेको अनुसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार वा उपलव्ध गराएका कुनै सेवा उपयोग गरेवापत सम्वन्धित सेवा प्रदायक तथा सेवा ग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिने छ ।

१४.पर्यटन शुल्क : नगरपालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचि (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुने छ ।

१५. कर छुट र जरिवाना : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर अनुसची (१३) बमेजिम बिशेष कर छुट तथा जरिवानाहुनेछ ।

१६. कर तथा शुल्क संकलन सम्वन्धि कार्य विधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कायविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

## स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन - २०७९

स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७९

प्रस्तावना : स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम स्वर्गद्वारी नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन, २०७९” रहेको छ । (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०७९/०८० को निमित्त स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

१) आर्थिक वर्ष २०७९/०८० को निमित्त नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाहरुले गर्ते सेवा र कार्यहरुका निमित्त अनुसूची मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च, शर्शत अनुदान संघीय सरकार र प्रदेस सरकारवााट प्राप्त वित्तिय समानिकरण अनुदान,राजश्व बाँडफाटबाट प्राप्त अनुदान,विषेश अनुदान, समपुरक अनुदान, आन्तरिक आय र अन्य रकम एबं बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ७० करोड ११ लाख ४० हजारमा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिने छ । तर यो बजेटमा संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत र अन्य निकायवाट थप बजेट प्राप्त भएमा सोही अनुसार खर्च गर्न बाधा पर्ने छैन ।

३. विनियोजन :

१) यस ऐनद्वारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त स्वर्गद्वारी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुले सम्पादन गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाको बैठकको निर्णयले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम रकमान्तर गर्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम रकमान्तर तथा

निकासा र खर्च जनाउन सकिने छ । पुंजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ रकमान्तर र बित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन तर चालू तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिने छ । (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकवाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१४

(दफा २ संग सम्वन्धित) नेपालको

संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | बाह्य श्रोतवाट | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगरपालिकाको कार्यालय | ० | ० | ० | ० |
| २ | | वडा कार्यालयहरु | ० | ० | ० | ० |
| ३ | | शर्शत अनुदान,संघीय सरकार | २४२३००००० | २०६००००० | ० | २६२९००००० |
| ४ | | शर्शत अनुदान प्रदेश सरकार | ० | ११०००००० | ० | ११०००००० |
| ५ | | वित्तिय समानिकरण अनुदान संघीय सरकार | ० | ११५७००००० | ० | ११५७०००००। |
| ६ | | राजश्व बाँडफाटबाट प्राप्त अनुदान संघीय सरकार | ० | ११५७५१०००। | ० | ११५७५१०००। |
| ७ | | वित्तिय समानिकरण अनुदान प्रदेस सरकार | ० | ६३२२०००। | ० | ६३२२०००। |
| ८ | | राजश्व बाँडफाट(सवारी साधन कर) अनुदान प्रदेश सरकार | ० | १४४६७०००। | ० | १४४६७०००। |
| ९ | | संघीय समपुरक अनुदान | ० | १००००००० | ० | १००००००० |
| १० | | प्रदेश समपुरक अनुदान | ० | २००००००० | ० | २००००००० |
| ११ | | विषेश अनुदान संघीय सरकार | ० | ० | ० | ० |
| १२ | | विषेश अनुदान प्रदेश सरकार | ० | ७००००००। | ० | ७००००००। |
| १३ | | सामाजिक सुरक्षा भत्ता | १०००००००००। | ० | ० | १०००००००००। |
| १४ | | ऋणको सावा,व्याज र भुक्तानी | ० | ० | ० | ० |
| १५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| १६ | | आन्तरिक आम्दानी | १८००००००। | ० | ० | १८००००००। |
| १७ | | नगरपालिकाको मौजदात रकम तर्फ | २००००००० | ० | ० | २००००००० |
| जम्मा | | | ३८०३००००० | ३२०८४०००० | ० | ७०११४०००० |

अनूसुची-१५

आ.व. २०७९/०८० मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको विवरण र बजेट सिमा

| सि.नं. | कार्यक्रम□योजनाको नाम | आगामी आ.ब. |
|---|---|---|
| १ | चालू बजेट (प्रशासनिक) | ११००००००० |
| कार्यक्रम तर्फ | | |
| २ | म्याचि□ फण्ड | ३६५००००० |
| | धर्मशाला अमर मा.वि.मालू□ बाटो भिंगृ,प्युठान | १००००००० |
| | जस्तापाता | १५०००००० |
| | सूचना प्रविधियुक्त पार्क | ५०००००० |

| | | |
|---|---|---|
| | अन्य कार्यक्रमहरुमा साझेदारी तर्फ | ६५०००० |
| ३ | सहूलियत कर्जा | ५०००००० |
| ४ | वन, वातावरण तथा विपत व्यवस्थापन कोष कोभिड,बाढि,पहिरो,आगलागि इत्यादी) | ५०००००० |
| | ५) सामाजिक विकास तर्फ | ४९०००००० |
| | स्वास्थ्य शाखा तर्फ | १४०००००० |
| | शिक्षा शाखा तर्फ | ३०००००००० |
| | महिला,वालवालिक, जेष्ठ नागरिक, दलित, जनजाती तथा सहकारी विकास शाखा तर्फ | ५०००००० |
| | ६) आर्थिक विकास तर्फ | ९१४०००० |
| | कृषि शाखा तर्फ | ३५००००० |
| | पशू सेवा शाखा तर्फ | ३५००००० |
| | लघू उद्यम (मेडपा) कार्यक्रम तर्फ | १२४०००० |
| | पर्यटन प्रवर्दन कार्यक्रम तर्फ | ९००००० |
| ७ | आर्थिक सहयोग तर्फ | १०००००० |
| ८ | न्यायिक समिति तर्फ | १०००००० |
| ९ | खानेपानी तथा सिचाई तर्फ | ३६००००० |
| १० | ढू□गा,गि□,वालूवाको प्रारारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन | ५००००० |
| ११ | फोहोरमैला व्यवस्थापन | ५००००० |
| १२ | युवा तथा खेलकूद कार्यक्रम तर्फ | १०००००० |
| १३ | जनतासंग मेयर कार्यक्रम | ५०००००० |
| १४ | शहित परिवार सम्मान कार्यक्रम | ५००००० |
| १५ | आवाधिक योजना निर्माण | १५००००० |
| १६ | अधुरा सडकहरुको पूर्णता र कच्ची सडकहरुको स्तरोउन्नती | १६०००००० |
| १७ | उपमेयर कोशेली कार्यक्रम | २५००००० |
| १८ | वडा सिलि□ | ३६०००००० |
| १९ | प्रशासकिय भवन निर्माण | ६०००००० |
| २० | कर्मचारी कल्याण कोष | ५००००० |
| २१ | सर्शत अनूदान संघिय सरकार | २६२९००००० |
| २२ | सर्शत अनूदान प्रदशे सरकार | ११०००००० |
| २३ | विशेष अनूदान प्रदशे सरकार | ७०००००० |
| २४ | समपूरक अनूदान प्रदशे सरकार | २०००००००० |
| २५ | समपूरक अनूदान संघिय सरकार | १०००००००० |
| २६ | सामाजिक सुरक्षा भत्ता | १००००००००० |
| | जम्मा | ७०११४०००० |